# एक प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र एक प्राङ्गारिक मल कारखाना स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१/०७/०८

**प्रस्तावनाः** प्राङ्गारिक मल कारखाना स्थापना कार्यक्रम सञ्चालन गर्न, प्राङ्गारिक मल उत्पादन कार्य व्यवस्थित, सरल, सुलभ र गुणस्तरीय बनाई प्राङ्गारिक मलको नियमित प्रयोग गर्दै माटो व्यवस्थापन र दिगो कृषि उत्पादन कायम गर्न आवश्यक भएकोले प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"एक प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र एक प्राङ्गारिक मल कारखाना स्थापना कार्यक्रम सञ्चालन कार्यविधि २०८१"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क. **"आवेदक"** भन्नाले नयाँ कारखाना स्थापना गर्न ईच्छुक स्थानीय तह, कृषक समूह, कृषि सहकारी र बहुउद्देश्यीय सहकारी, सामुदायिक वन उपभोक्ता समूह, प्राङ्गारिक मल उत्पादन गर्ने उद्देश्यले स्थापित निजी फर्म/कम्पनी सम्झनु पर्छ ।

ख. **"कारखाना "** भन्नाले कुनै मेशिनरी/उपकरण र प्रविधिको प्रयोग गरी प्राङ्गारिक मल उत्पादन गर्ने स्थल वा उद्योग सम्झनु पर्छ ।

ग. **"कारखाना स्थापना "** भन्नाले स्थानीय तह, कृषक समूह, कृषि सहकारी र बहुउद्देश्यीय सहकारी संस्था, प्राङ्गारिक मल उत्पादन गर्ने उद्देश्यले स्थापित निजी फर्म/कम्पनी अन्तर्गत प्राङ्गारिक मल उत्पादन गर्न नयाँ कारखाना स्थापना गर्ने कार्य सम्झनु पर्छ ।

घ. **"कार्यक्रम"** भन्नाले वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भएको एक प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र एक प्राङ्गारिक मल कारखाना स्थापना कार्यक्रम र बजेट सम्झनु पर्छ ।

ङ. **"कार्यालय"** भन्नाले निर्देशनालय मातहतको कृषि विकास कार्यालय सम्झनु पर्छ ।

च. **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

छ. **"प्रदेश निर्वाचन क्षेत्र"** भन्नाले बागमती प्रदेशको प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र सम्झनु पर्छ ।

ज. **बहुउद्देश्यीय सहकारी"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि क्षेत्रमा समेत काम गर्ने बहुउद्देश्यीय सहकारी बुझ्नु पर्छ ।

झ. **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

ञ. **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

ट. **"प्राङ्गारिक मल"** भन्नाले कृषि बालीको लागि आवश्यक पोषक तत्व उपलब्ध गराउनको लागि बोट विरूवा वा माटोमा प्रयोग गर्न वनस्पति र वा पशुजन्य पदार्थ र वा जीवजन्तुको मलमूत्र कुहाएर तयार गरिएको कार्वनयुक्त पदार्थ सम्झनु पर्छ ।

ठ. **"मेशिनरी/उपकरण"** भन्नाले प्राङ्गारिक मल उत्पादन प्रक्रियामा प्रयोग हुने मेशिन, यन्त्र, उपकरणको साथै स्थानीयस्तरमा पार्टपूर्जा जडान गरि तयार पारिएको एसेम्वल्ड मेशिनरी तथा उपकरण समेतलाई सम्झनु पर्छ ।

ड. **"साझेदार"** भन्नाले कार्यक्रम सञ्चालनको लागि छनौट भएका आवेदक सम्झनु पर्छ ।

ढ. **"स्थानीय तह"** भन्नाले प्रदेशको गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन

३. कार्यक्रम सञ्चालनः (१) यो कार्यक्रम बागमती प्रदेश भर लागू हुनेछ ।

(२) माग र सम्भाव्यताको आधारमा एक जिल्लाको एक स्थानीय तहमा कार्यक्रम सञ्चालन गरिनेछ।

४. आशय पत्रको मागः (१) आशयपत्रको लागि निर्देशनालयले प्रदेशका सबै स्थानीय तहलाई २१ दिनको समयसीमा दिइ पत्राचार गर्नेछ।

(२) उपदफा (१) अनुसारको पत्र प्राप्त गरेका स्थानीय तहले अनुसुची- १ अनुसारको कागजातहरु, अनुसुची- २ अनुसारको परियोजना प्रस्ताव र अनुसुची- ३ अनुसारको दिगोपनाको योजना सहित स्थानीय तह स्वयं साझेदार हुन सक्ने गरी वा अन्य आवेदक साझेदार हुन सक्ने गरि आसय पत्र पेश गर्न सक्नेछ।

(३) उपदफा (२) अनुसारको आसय पत्र पेश गर्दा सम्बन्धित स्थानीय तहले उक्त परियोजना सञ्चालनका लागि उपयुक्तता, लगानीको सुनिश्चितता र दिगोपना सुनिश्चित भएको व्यहोरा सहितको कार्यपालिकाको निर्णय संलग्न गर्नु पर्नेछ ।

(४) भौगोलिक हिसाबले जोडिएका स्थानीय तहहरुले संयुक्त रुपमा आशय पत्र पेश गर्न सक्नेछन ।

(५) स्थानीय तह आफैले कारखाना स्थापना नगरी आवेदक मार्फत स्थापना गर्नुपर्ने भएमा त्यस्तो आवेदकको छनौटका लागि सिफारीस स्थानीय तह आफैले गरी सिफारीस गर्नुका आधार समेत उल्लेख गर्नुपर्नेछ । यसरी छनौट गरिएको आवेदक संख्या एक भन्दा बढी हुन सक्ने छैन ।



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

५. <u>प्रस्तावको छनौटः</u> (१) स्थानीय तहहरुबाट प्राप्त आशयपत्रहरुको छनौटका लागि सिफारीस गर्न निर्देशनालयमा देहाय बमोजिमको एक छनौट सिफारिस समिति गठन गरिनेछः-

| | | |
|---|---|---|
| क. | निर्देशक, निर्देशनालय | - संयोजक |
| ख. | प्रमुख, कृषि विकास महाशाखा, मन्त्रालय | -सदस्य |
| ग. | प्रमुख, माटो तथा मल परीक्षण प्रयोगशाला | -सदस्य |
| घ. | प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | -सदस्य |
| ङ. | कृषि ईन्जिनियर, कृषि विकास निर्देशनालय | -सदस्य |
| च. | अधिकृत प्रतिनिधि, सम्बन्धित शाखा, निर्देशनालय | -सदस्य सचिव |

(२) समितिमा आवश्यकता अनुसार बढीमा २ (दुइ) जनासम्म सम्बन्धित विषय विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

(क) अनुसूची ४ बमोजिमको प्रस्ताव मूल्याङ्कन मापदण्डका आधारमा प्रस्तावहरुको मूल्याङ्कन गरी छनौटका लागि निर्देशनालय समक्ष सिफारिस गर्ने,

(ख) छनौट भएका प्रस्तावहरुको विस्तृत परियोजना प्रतिवेदन तयारीका लागि परामर्शदाता छनौट तथा नियुक्तिका लागि निर्देशनालय समक्ष सिफारीस गर्ने,

(ग) परामर्शदाताद्वारा तयार पारिएको विस्तृत परियोजना प्रतिवेदन स्वीकृतिका लागि निर्देशनालय समक्ष सिफारीस गर्ने,

(घ) अन्य आवश्यक कार्यहरू गर्ने।

(४) समितिले स्थानीय तह छनौट सिफारिस गर्दा प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ।

६. <u>समझदारी कायम गर्नुपर्ने</u>: (१) छनौट भएका स्थानीय तह र मन्त्रालय/निर्देशनालय बीच प्रचलित कानूनको अधिनमा रही समझदारी कायम गरिनेछ ।

(२) समझदारीका बुदाँहरु आपसी छलफलबाट तय गरिनेछ । समझदारी कायम गर्दा प्रदेश सरकार, स्थानीय तह र सम्बन्धित आवेदकको भूमिका स्पष्ट उल्लेख गरिनेछ ।

७. <u>विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारीः</u> (१) छनौट भएका आवेदकले स्थानीय तहको सिफारीसमा उपलब्ध गराएका कारखाना स्थापनाको लागि उपयुक्त स्थानमा निर्देशनालयले स्वतन्त्र परामर्शदातावाट विस्तृत परियोजना प्रतिवेदन तयार गर्नेछ ।

(२) कारखाना स्थापनाको लागि आवश्यक न्यूनतम मापदण्ड विस्तृत परियोजना प्रतिवेदनमा उल्लेख गरिनेछ ।

(३) परामर्शदाताले तयार गरेको विस्तृत परियोजना प्रतिवेदन (DPR) लाई विभिन्न सरोकारवाला तथा विज्ञहरुसँग छलफल गरी आवश्यकता र औचित्यको आधारमा परिमार्जन गरी निर्देशनालयबाट स्वीकृत गर्नुपर्नेछ ।



...मनीय प्रकाश श्रेष्ठ
मन्त्री

(४) विस्तृत परियोजना प्रतिवेदनमा कारखाना स्थापनाको कुल लागत, कार्यान्वयन योजना तथा साझेदारले व्यहोर्नु पर्ने रकम स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ ।

८. <u>सम्झौता</u>: (१) छनौट भएका आवेदकहरुलाई निर्देशनालयले १५ दिनको म्याद दिई सम्झौताका लागि पत्रचार गर्नेछ। उक्त समय भित्र आवेदकले साझेदारी रकम निर्देशनालयको विविध/धरौटी खातामा अनिवार्य रुपमा जम्मा गरी जम्मा गरेको प्रमाण सहित सम्झौता गर्नुपर्नेछ। यसरी तोके बमोजिमको समय भित्र सम्झौता गर्न नआएमा बैकल्पिक आवेदकहरुलाई छनौट गर्न बाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिम बैकल्पिक आवेदकहरुलाई सम्झौताका लागि ७ दिनको म्याद दिई पत्राचार गरिनेछ।

(३) स्थानीय तह आफैले कारखाना निर्माण गर्ने हकमा स्थानीय तह र निर्देशनालय बीच द्विपक्षीय सम्झौता गरिनेछ ।

(४) कारखाना स्थापना स्थानीय तहले नगरी आवेदकले गर्ने हकमा निर्देशनालय, आवेदक र स्थानीय तहबीच त्रिपक्षीय सम्झौता गरिनेछ ।

(५) उपदफा (१) र (२) बमोजिम सम्झौता गर्दा प्रचलित कानून तथा स्वीकृत DPR मा व्यवस्था भए अनुसार सम्झौता गर्नुपर्नेछ ।

९. <u>कारखाना स्थापना गर्ने साझेदारको मापदण्ड</u>: (१) प्राङ्गारिक मल कारखाना स्थापना गर्ने साझेदारले देहायको मापदण्ड पुरा गर्नुपर्नेछ ।

क. कारखाना स्थापना गरिने जग्गाको क्षेत्रफल कम्तीमा २ रोपनी हुनु पर्नेछ,

ख. कारखानाको बार्षिक प्राङ्गारिक मल उत्पादन क्षमता न्यूनतम १०० मे. टन हुनु पर्नेछ ।

(२) स्थानीय तह आफैले कार्यक्रम संचालन नगरी अन्य साझेदार मार्फत कार्यक्रम संचालन गर्ने भएमा देहायका थप मापदण्ड पुरा गर्नु पर्नेछ ।

क. कारखाना स्थापना गर्ने साझेदार प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्ने,

ख. संस्था प्यान/भ्याटमा दर्ता भएको हुनुपर्ने,

ग. गत आ.ब. को कर चुक्ता गरेको हुनु पर्नेछ,

घ. संस्था नविकरण गरेको हुनुपर्ने,

ङ. संस्थाको हकमा वार्षिक साधारणसभाबाट निर्णय गरी वा वार्षिक साधारण सभाबाट अनुमोदन गराउने गरी कार्य समितिको बैठकले कारखाना स्थापना गर्ने निर्णय गरेको हुनुपर्ने,

च. प्रचलित कानून बमोजिम अयोग्य नभएको ।

४

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद -३

## आर्थिक पक्ष

१०.साझेदार रकमः (१) कारखाना स्थापना गर्न स्वीकृत वार्षिक बजेटको परिधीभित्र रही रकम उपलब्ध गराईनेछ ।

(२) स्वीकृत DPR मा उल्लेख भए अनुसार बजेट उपलब्ध गराईनेछ । निर्देशनालयबाट स्वीकृत DPR मा उल्लेख भएको रकमको कम्तिमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तह/साझेदारले अनिवार्य रुपमा जुटाउनु पर्नेछ । उक्त रकम सम्झौता पुर्व साझेदारले निर्देशनालयले उपलब्ध गराएको धरौटी खाता/विविध खर्च खातामा जम्मा गर्नु पर्नेछ । एक कारखाना स्थापनाको लागि कुल लागतको बढीमा पचास प्रतिशत वा बढीमा रु. ५० लाखसम्म बजेट उपलब्ध गराइनेछ ।

११. कारखाना निर्माणः (१) कारखाना निर्माण कार्य सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजानिक खरिद नियमावली, २०६४ बमोजिम निर्देशनालयले गर्नेछ ।

(२) योजनाको सहज कार्यान्वयनका लागि समान भौगोलिक अवस्था तथा सुगमताका आधारमा योजनाहरु अलग अलग वा योजनाहरुको क्लस्टर बनाई बोलपत्र आव्हान गर्न सकिने छ ।

१२. कन्टिनजेन्सी रकमः (१) कार्यक्रम बजेटको बढीमा चार प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याईनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, आवेदकहरुको स्थलगत निरीक्षण एवं प्रमाणिकरण, विस्तृत सम्भाव्यता अध्ययन (DPR) तयारी, प्राविधिक/इन्जिनियर नियुक्ति, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गर्न सकिनेछ ।

१३. भुक्तानी प्रकियाः सम्झौतामा उल्लेख भए बमोजिम प्रचलित कानून बमोजिम भुक्तानी गरिनेछ।

१४. कारखाना हस्तान्तरणः (१) निर्माण कार्य सम्पन्न पश्चात निर्देशनालयले स्थानीय तह/साझेदारलाई कारखाना हस्तान्तरण गर्नेछ ।

(२) हस्तान्तरण पश्चात कारखाना सञ्चालनको जिम्मेवारी सम्बन्धित स्थानीय तह/साझेदारको हुनेछ ।

१५. कारखाना सञ्चालन तथा सहजिकरण समितिः (१) कारखानाको व्यवस्थापन गर्न स्थानीय तहमा सम्बन्धित स्थानीय तहको कार्यपालिका सदस्यको संयोजकत्वमा अन्य साझेदार मार्फत कारखाना निर्माण भएको खण्डमा साझेदार समेत सहभागी हुने गरी पाँच सदस्यीय एक कारखाना सञ्चालन तथा सहजिकरण समिति रहनेछ ।

(२) समितिको काम, कर्तव्य र अधिकार स्थानीय तहले तोके बमोजिम हुनेछ ।

५

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

१६. **प्राङ्गारिक मलको मापदण्ड तथा गुणस्तरः** प्राङ्गारिक मलको मापदण्ड नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका, २०७८ बमोजिम हुनेछ ।

## परिच्छेद -४
## विविध

१७. **स्थानीय तह/साझेदारले पालन गर्नुपर्ने विषयहरुः** साझेदारले देहायका विषयहरु पालना गर्नुपर्नेछ ।

(क) कारखाना स्थापना वा विस्तारमा प्रयोग हुने गरी खरिद गरिएको मेशिनरी तथा उपकरण कारखानामा प्राङ्गारिक मल उत्पादन गर्ने प्रयोजन बाहेक अन्य प्रयोजनमा लगाउन पाइने छैन ।

(ख) अनुदान रकमबाट खरिद गरी कारखानामा प्रयोग गरिएका मेशीनरी तथा उपकरण कम्तिमा १० वर्ष बेच बिखन गर्न पाइने छैन ।

(ग) कारखानामा प्राङ्गारिक मल उत्पादन गर्न रकम पाएका साझेदारले कारखाना नियमित संचालन गर्नु पर्नेछ ।

१८. **दोहोरोपना नहुनेः** यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघ/प्रदेश/स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासँग दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । साझेदारले दोहोरो सुविधा लिएको पाइएमा सम्पूर्ण प्रोत्साहन रकम प्रचलित ब्याज सहित असुल गरिनेछ । गत आर्थिक वर्षमा समेत कार्यक्रम लागु भई प्रोत्साहन अनुदान रकम पाएका आवेदकहरुलाई यस आर्थिक वर्षमा कार्यक्रमबाट प्रोत्साहन/अनुदान रकम प्रदान गरिने छैन ।

१९. **साझेदारी गर्न सक्नेः** यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन सम्बन्धित स्थानीय तहले समेत सोही प्रकृतीको बाहेक अन्य क्रियाकलापहरुमा बजेट विनियोजन गरी कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ ।

२०. **कारबाही सम्बन्धी व्यवस्थाः** साझेदारले सम्झौता अनुरुप रकम लिई दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

२१. **संशोधनः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

२२. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका प्रकियाको सम्बन्धमा यसै कार्यविधि बमोजीम र अन्य विषयहरु प्रचलित कानून बमोजीम हुनेछ ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसुची १

(दफा ४ संग सम्बन्धित)

आवश्यक कागजातपत्रहरु

क. रु. १० को टिकट टाँसिएको आसय पत्र पेश सम्बन्धि निवेदन,

ख. आफ्नै जग्गाको हकमा जग्गा धनि प्रमाणपुर्जाको प्रतिलिपी,

ग. आफ्नै जग्गा नभएको हकमा कम्तिमा १० बर्षको जग्गाको करारनामा सम्झौता भएको प्रमाणित पत्र,

घ. सरकारी/सार्वजानिक जग्गाको हकमा साझेदार स्थानीय तहको नाममा प्रचलित नियम बमोजिम स्वामित्व प्राप्ति सम्बन्धि कागजातको प्रमाणित प्रतिलिपी वा दफा ६ बमोजिम समझदारी गर्नु अघि स्वामित्व सम्बन्धि कागजात पेश गर्ने प्रतिबद्धता

ङ. अनुसुची- २ बमोजिमको ढाँचामा परियोजना प्रस्ताव,

च. अनुसुची- ३ बमोजिमको दिगोपना सुनिश्चितताको योजना,

छ. परियोजना सञ्चालनका लागि उपयुक्तता, लगानीको सुनिश्चितता र दिगोपना सुनिश्चित भएको व्यहोरा सहितको कार्यपालिकाको निर्णय ।

ज. प्रदेश निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित सांसदको सिफारिस ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

# अनुसूची- २

## दफा ४ सँग सम्बन्धित

## प्रस्ताव फाराम

| क) प्राविधिक प्रस्तावः | | | | |
|---|---|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | | | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानीय तहको नाम | | | |
| ३ | आवदेकको नाम/ठेगाना | | | |
| ४ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | | | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं/., मोवाइल नं. | | | |
| ६ | आवेदकको email address | | | |
| ७ | आवेदक संस्थाको दर्ता नम्बर | | | |
| ८ | दर्ता भएको निकाय र दर्ता मिति | | | |
| १० | भ्याट /पान दर्ता नम्बर | | | |
| ११ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | | | |
| १२ | कारखाना सस्थापना गरिने जग्गाको विवरण | | | |
| १२.१ | क्षेत्रफल | | | |
| १२.२ | जग्गाको स्वामित्व सम्बन्धि विवरण | | | |
| १३ | स्थानीय समुदायमा पर्ने प्रभाव सम्बन्धि विवरण | | | |
| १४ | वातावरणीय प्रभाव सम्बन्धि विवरण | | | |
| १५ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः | | | |
| १५.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | |
| १५.२ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | |
| १५.३ | बिजुलीको सुविधा | | सदरमुकाम देखिको दुरी (कि.मी.) | |



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | (छ/छैन) | | | | | | | | | | | | |
| १५.४ | खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिजमा) | | | | | | | | | | |
| १६ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्याः | | | | | | | | | | | | |
| | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | | पुरुष | | महिला | | | दलित | | जनजाती | | अन्य | |
| | | | | | | | | | | | | | |
| १७ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने क्रियाकलापहरुको विवरणः | | | | | | | | | | | | |
| १७.१ | | | | | | | | | | | | | |
| १७.२ | | | | | | | | | | | | | |
| १७.३ | | | | | | | | | | | | | |
| १८ | क्रियाकलाप कार्यान्वयन योजनाः | | | | | | | | | | | | |
| | क्रियाकलाप | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | आषाढ |
| १८.१ | | | | | | | | | | | | | |
| १८.२ | | | | | | | | | | | | | |
| १८.३ | | | | | | | | | | | | | |
| १८.४ | | | | | | | | | | | | | |
| १९ | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुंदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने): | | | | | | | | | | | | |
| | अपेक्षित उपलब्धिहरु | | | | | | | | | | परिमाण | | |
| १९.१ | वार्षिक प्राङ्गारिक मल उत्पादन क्षमता(टन) | | | | | | | | | | | | |
| १९.२ | वार्षिक रोजगारी श्रृजना (जना) | | | | | | | | | | | | |
| १९.३ | वार्षिक अनुमानित आम्दानी (रु) | | | | | | | | | | | | |
| १९.४ | अन्य | | | | | | | | | | | | |
| २० | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउनेः | | | | | | | | | | | | |
| | प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना | | | | | | सहकार्य हुने रकम रु. | | | | | | |
| २०.१ | | | | | | | | | | | | | |
| २०.२ | | | | | | | | | | | | | |
| २१ | आवेदकले विगत वर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु (प्रस्तावित कार्यक्रमसंग मेलखाने मात्र): | | | | | | | | | | | | |
| २१.१ | | | | | | | | | | | | | |

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
भूमि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

| | | |
|---|---|---|
| २१.२ | | |
| २१.३ | | |
| २१.४ | | |
| २२ | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधी समेत खुलाउने : | |
| | अनुभव तथा तालिमहरु | अवधी |
| २२.१ | | |
| २२.२ | | |
| २२.३ | | |
| २२.४ | | |

| | | | |
|---|---|---|---|
| २३ | आवेदकसंग विद्यमान जनशक्ति विवरणः | | |
| | जनशक्ति विवरण | शैक्षिक योग्यता | तालिमको नाम र अवधी |
| २३.१ | | | |
| २३.२ | | | |
| २३.३ | | | |
| २३.४ | | | |

ख) आर्थिक प्रस्तावः

प्रस्तावमा उल्लिखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरणः

| क्र.सं. | मुख्यमुख्य - क्रियाकलापहरु | ईकाई | परिमाण | प्रति ईकाई दर | कुल लागत रकम रु. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| | | | | जम्मा रकम रु. | |



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
भूमि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

| | |
|---|---|
| उल्लिखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छुछौं । कहिं/ कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौं । | |
| आवेदक संस्थाको जिम्मेवार पदाधिकारीको | |
| नामः | |
| पदः | |
| हस्ताक्षरः | |
| मितिः | |
| संस्थाको छाप | |

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसुची ३

(दफा ४ सँग सम्बन्धित )

(परियोजनाको दिगोपना सम्बन्धि योजना ढाँचा)

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

| क्र.स. | दिगोपनको सूचक | विवरण |
|---|---|---|
| १ | कारखाना सञ्चालनका लागि आवश्यक कच्चा पदार्थ र त्यसको श्रोत | |
| २ | कारखानाबाट उत्पादित प्राङ्गारिक मलको उपभोक्ता | |
| ३ | कारखाना सञ्चालनको वार्षिक अनुमानित खर्च | |
| ४ | कारखाना सञ्चालनको वार्षिक अनुमानित आम्दानी रकम | |
| ५ | कारखानाको व्यवस्थापन | |
| ५.१ | कारखाना सञ्चालनका लागि संस्थासँग हाल रहेका जनशक्ती | |
| ५.२ | कारखाना सञ्चालनका लागि संस्थासँग हाल रहेका पुर्वाधार | |
| ५.३ | साझेदारको गतवर्षको कारोवार रकम | |
| ६ | कम्तिमा १० वर्षसम्मा कारखानाको नियमित सञ्चालनको स्पष्ट आधारहरुः | |
| ७ | अन्य | |

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची -४

प्रस्ताव मूल्याङ्कनको मापदण्ड (दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

| क्र.स. | विवरण | | अङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | जग्गाको स्वामित्त्व (१५) | आफ्नो वा संस्थाको नाममा | १५ | |
| | | लिजमा लिइएको | १० | |
| | | सरकारी/सार्वजानिक | ८ | स्थानीय तहको हकमा (स्वामित्व प्राप्त गर्ने प्रतिबद्धता पेश हुनु पर्ने) |
| २. | जग्गाको क्षेत्रफल (१०) | ५ रोपनी भन्दा बढी | १० | |
| | | २-५ रोपनी | ७ | |
| ३. | विद्युत पूर्वाधार (५) | ३ फेज लाईन | ५ | |
| | | सिङ्गल फेज | ३ | |
| | | नभएमा | ० | |
| ४. | सडक पूर्वाधार (५) | पक्कि सडक जोडिएको | ५ | |
| | | कच्चि सडक जोडिएको | ३ | |
| | | सडक सुबिधा नभएको | ० | |
| ५. | पानीको सुविधा (५) | पर्याप्त भएको | ५ | |
| | | पर्याप्त नभएको | ० | |
| ६. | फोहोर वा अन्य उप-उत्पादन व्यवस्थापन (१०) | भएको | १० | |
| | | सम्भावना भएको | ५ | |
| | | सम्भावना नभएको | ० | |
| ७. | वस्तिसँग निकटता (५) | घना बस्तीबाट टाडा | ५ | |
| | | घना बस्तीबाट नजिक | ३ | |
| ८. | मलको कच्चा पदार्थको सुनिश्चिता (१०) | आफ्नै कच्चा पदार्थको श्रोत भएको | १० | |
| | | अन्यत्रबाट संकलन गर्ने | ५ | |
| ९. | प्रस्तावको उपयुक्तता (२५) | | | |
| | ९.१ वार्षिक प्राङ्गारिक मल उत्पादन क्षमता (१०) | ५०० मे.टन, भन्दा माथि | १० | |
| | | १००-५०० मे.टन. सम्म | ५ | |
| | ९.२ भौगोलिक उपयुक्तता (१०) | उत्पादन र बजारीकरणमा सहजता भएको | १० | |



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

| क.स. | विवरण | | अङ्क | कैफियत |
|---|---|---|---|---|
| | | उत्पादन र बजारीकरणमा कम सहजता भएको | ५ | |
| | ९.३ वार्षिक रोजगारी श्रृजना (५) | ५ जना भन्दा बढी दैनिक थप रोजगारी | ५ | |
| | | ५ जना भन्दा कम दैनिक थप रोजगारी | ३ | |
| १०. | स्थानीय तहसँग लागत साझेदारी (१०) | कुल लागतमा स्थानीयको ५०% भन्दा बढी साझेदारी | १० | |
| | | कुल लागतमा स्थानीयको २५-५०% साझेदारी | ७ | |
| | | कुल लागतमा स्थानीयको २५% भन्दा कम साझेदारी | ५ | |
| कूल जम्मा | | | १०० | |

माननीय प्रकाश श्रेष्ठ
मन्त्री